वनगाड कुपिण्डे नगरपालिका

# स्थानीय राजपत्र

खण्ड: १ संख्या: १० मिति: २१/१०/२०७५

## भाग-२

वनगाड कुपिण्डे नगरपालिका

### वनगाड कुपिण्डे नगरपालिकाको प्राचीन मठ मन्दिर संरक्षण सम्बन्धी नियमावली, २०७५

**प्रस्तावना**

स्थानिय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग वनगाड कुपिण्डे नगरपालिकाको प्राचीन मठ मन्दिर संरक्षण सम्बन्धी नियमावली २०७५ बनाई लागू गरेको छ ।

#### परिच्छेद- १

#### प्रारम्भिक

**१.१ संक्षिप्त नाम र प्रारम्भ**

१.१.१) यो निमावलीको नाम "वनगाड कुपिण्डे नगरपालिकाको प्राचीन मठ मन्दिर संरक्षण सम्वन्धि नियमावली, २०७४" रहेको छ ।

१.१.२) यो नियमावली नगरपालिकाको नगर परिषद्ले स्वीकृत गरेपछि लागू हुनेछ ।

**१.२ परिभाषा**

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा :–

१.२.१) "ऐन" भन्नाले प्राचीन मठ मन्दिर संरक्षण ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

१.२.२) "नगरपालिका" भन्नाले वनगाड कुपिण्डे नगरपालिकालाई सम्झनु पर्दछ ।



CamScanner

१.२.३) "प्राविधिक समिति" भन्नाले नियम २.१ बमोजिम गठित प्राविधिक समिति सम्झनुपर्छ ।

१.२.४) "सहयोग समिति" भन्नाले नियम ३.१ बमोजिम गठित प्राचीन मठ मन्दिर संरक्षण सहयोग समिति सम्झनुपर्छ ।

१.२.५) "वर्गीकरण समिति" भन्नाले नियम २.३ बमोजिम गठित प्राचीन मठ मन्दिर सर्भेक्षण एंव वर्गीकरण समिति सम्झनुपर्छ ।

१.२.६) कोष" भन्नाले नियम ४.१० बमोजम खडा गरिएको प्राचीन मठ मन्दिर संरक्षण कोष सम्झनुपर्छ ।

## परिच्छेद २

## प्राविधिक समिति

### २.१) प्राविधिक समिति गठन

२.१.१) संरक्षित प्राचीन मठ मन्दिरक्षेत्रभित्र निजि हकभोगको जग्गामा बनाइने घरकोशैली तथा मापदण्डका सम्बन्धमा नगरपालिकालाई परामर्शदिन नगरपालिकाले तोकेको प्राविधिक समिति गठन हुनेछ जसमा प्राविधिक अधिकृत तथा सदस्यहरु हुनेछन् ।

२.१.२) प्राविधिक समितिले स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार वा नेपाल सरकारको कुनै अधिकृतलाई प्राविधिक समितिको बैठकमा पर्ववेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

२.१.३) प्राविधिक समितिको बैठक आवश्यतानुसार बस्नेछ ।

२.१.४) प्राविधिक समितिको बैठक सम्बन्धी अन्य कार्यविधि प्राविधिक समिति आफैले व्यवस्थित गर्नसक्नेछ ।

### २.२) प्राविधिक समितिको काम, कर्तव्य र अधिकार

२.२.१)प्राविधिक समितिको काम, कर्तव्य, र अधिकार देहाय बमोजिमको हुनेछ–

२.२.१.१) मठ तथा मन्दिरलाई स्वामित्व र महत्वको दृष्टिले वर्गीकरण गर्ने सम्बन्धमा नगरपालिकालाई परापर्श दिन समय–समयमा मठ तथा मन्दिरको सर्भेक्षण प्रतिवेदन तयार गर्ने ।

२.२.१.२) उपनियम २.२.१.१ बमोजिम तयार पारिएको सर्भेक्षण प्रलिवेदनको आधारमा प्राचीन मठ मन्दिरलाई स्वामित्व र महत्वको दृष्टिले वर्गीकरण गर्ने आधारमा प्राचीन मठ मन्दिरहरुको वर्गीकरण गर्ने नगरपालिकालाई परामर्श दिने ।

२.२.१.३ उपनियम २.२.१.१ मा उल्लेख भए बमोजिम प्राचीन मठ मन्दिरहरुको सर्भेक्षण गरी प्रलिवेदन तयार गर्न आवश्यता अनुसार उपसमितिहरु गठन गर्ने ।

२.२.१.४) प्राचीन मठ मन्दिरको सर्भेक्षणएंव वर्गीकरण गर्ने सम्बन्धमा नेपाल सरकारले सुम्पेको अन्य आवश्यक कार्यहरु गर्ने ।

२.२.२) उपनियम २.२.१.३ बमोजिमको गठन हुने उपसमितिहरुको गठन विधि, कार्य अवधि, काम, कर्तव्य तथा अधिकार र अन्य कुराहरु प्राविधिक समितिले तोकिदिए बमोजिम हुनेछ ।

## परिच्छेद- ३

## प्राचीन मठ मन्दिर सरक्षण सहयोग समिति

**३.१) प्राचीन मठ मन्दिर सरक्षण सहयोग समिति**

३.१.१) प्रत्येक संरक्षित प्राचीन क्षेत्रमा प्राचीन मठ मन्दिरको संरक्षणमा सहयोग पुर्‍याउन नगरपालिकाले देहाय बमोजिमको एउटा प्राचीन मठ मन्दिर संरक्षण सहयोग समिति गठन गर्न सक्नेछः–

३.१.१.१) नगरपालिकाले तोकेको पुरातत्व अधिकृत –संयोजक

३.१.१.२) सम्बन्धित वडाको वडा अध्यक्ष –सदस्य

३.१.१.३) प्रतिनिधि, गुठी संस्थान र गुठी संस्थानको स्थानीय कार्यालय नभएको ठाउँमा माल वा मालपोत कार्यालयको प्रतिनिधि –सदस्य

३.१.१.४) भवन तथा आवास विकास शाखाको इन्जिनियर –सदस्य

३.१.१.५) प्रतिनिधि, सम्बन्धित जिल्ला कार्यालय –सदस्य

३.१.१.६) प्रतिनिधि सम्बन्धित जिल्ला प्रहरी कार्यालय –सदस्य

३.१.१.७) प्रतिनिधि, पर्यटन मन्त्रालय –सदस्य

३.१.१.८) नगरपालिकाले तोकेको आर्किटेक्ट –सदस्य

३.१.२) नगरपालिकाले आवशयता अनुसार सहयोग समितिका सदस्यहरुमा हेरफेर वा थपघट गर्ने सक्नेछ ।

३.१.३) सहयोग समितिले स्वदेशी वा विदेशी विशेषज्ञ वा सल्लाहकार वा नेपाल सरकारको कुनै अधिकृतलाई सहयोग समितिको बैठमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

३.१.४) सहयोग समितिको बैठक आवश्यता अनुसार बस्नेछ ।

३.१.५) सहयोग सामतिको बैठक सम्बन्धी अन्य कायृविधि सहयोग समिति आफैले व्यवस्थि तगर्न सक्नेछ

**३.२) सहयोग समितिको काम, कर्तव्य र अधिकार**

३.२.१) संरक्षित प्राचीन क्षेत्रमा रहेका प्राचीन मठ मन्दिरको संरक्षण, संरक्षित प्राचीन क्षेत्रको वातावरणको संरक्षण, सरसफाई तथा स्याहार सम्भारको काममा सहयोग गर्नु सहयोग समितिको कर्तव्य हुनेछ ।

३.२.२) संरक्षित प्राचीन क्षेत्रको मौलिकता तथा प्राचीनता कायम राख्ने सम्बन्धमा र तत्सम्बन्धी अन्य विषयमा समेत पुरातत्व विभागलाई आवश्यक परामर्श दिनु समितिको कर्तव्य हुनेछ ।

३.२.४) उपनियम ३.२.३ बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य र अधिकार सहयोग समितिले तोकिदिय बमोजि हुनेछ ।

## परिच्छेद- ४

## विविध

**४.१) विभागले स्वीकृति लिनुपर्ने**

४.१.१) ऐन अनुसार संरक्षित प्राचीन क्षेत्रभित्र टेलिकोन वा विद्युत लाइन जडान गर्न, खानेपानि वा ढलको लागि जमिन खन्न, सडक बनाउन वा ममृत गर्न, चलचित्र सुटिङ गर्न, पर्व, मेल, मनाउन, नाचगान गर्न वा सवारीको

साधन पार्किङ्ग गर्न वा पोष्टर तस्वीर टाँस्न चाहने व्यक्ति वा संस्थाले नगरपालिकाको स्वीकृतिको लागि अनुसुची-१ बमोजिमको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

४.१.२) उपनियम ४.१.१ बमोजिमको निवेदन पर्न आएमा मुख्य पुरातत्व अधिकृतले तत्सम्बन्ध आवश्यक जाँचबुझ गरी उपनियम ४.१.१ बमोजिमको कुनै काम गर्दा संरक्षित क्षेत्रमा कुनै प्रतिकुल असर नपर्ने भएमा अनुसूची-२ बमोजिमको ढाँचा अनुसार त्यस्तो काम गर्न स्वीकृति दिनेछ ।

## ४.२) निमार्ण सम्बन्धी मापदण्ड

संरक्षित प्राचीन क्षेत्रभित्र कसैको हकभोगको जग्गामा निर्माण गरिने घर, भवन, साविक आकारमा परिवर्तन हुने गरी गरिने मर्मत, थपघट वा पुन: निर्माण सम्बन्धमा नगरपालिकाले प्राविधिक समितिको परामर्श लिई त्यस्तो क्षेत्रको महत्वलाई समेत ध्यानमा राखी सार्वजनिक सूचनाको रुपमा सम्बन्धित क्षेत्रको कार्यालयको सूचना पाटिमा टाँस्न व्यवस्था गर्नेछ ।

## ४.३) पुरातात्विक वस्तुको विवरण

४.३.१) स्थानीय हाकिमले प्रत्येक वषृ अषाढ मसान्तभित्र आफ्नो जिल्लाभित्र रहेका पुरातात्विक वस्तुहरुको विवरण अनुसूची-३ बमोजिमको फारम भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्व अधिकृत सक्षम पठाउने पर्नेछ ।

४.३.२) स्थानीय हाकिमले आफ्नो जिल्लाभित्र कुनै पुरातात्विक वस्तु फेला परेको जानकारी पाएमा त्यसरी जानकारी पाएको मितिले पैंतीस दिनभित्र सो वस्तुको सम्पूर्ण विवरण अनुसूची-४ बमोजिम फारममा भरी सम्भव भएसम्म त्यस्तो वस्तुको फोटो समेत मुख्य पुरातत्व अधिकृत सक्षम पठाउनु पर्नेछ ।

४.३.३) उपनियम ४.३.१ व उपनियम ४.३.२ बमोजिम विवरण प्राप्त भउका मुख्य पुरातत्व अधिकृतले त्यस्तो पुरातात्विक वस्तुको संरक्षणको लागि आवश्यक वयवस्था गर्नुपर्नेछ ।

## ४.४) पुरातात्विक उत्खनन् गर्ने स्वीकृति

४.४.१) कुनै प्राचीन क्षेत्र रहेको ठाँउमा पुरातात्विक उत्खनन् गर्न चाहने व्यक्ति वा संस्थाले नेपाल सरकारको पूर्व स्वीकृति कोलागि अनुसूची-५ बमोजिमको ढाँचामा नगरपालिकामा दरखास्त दिनु पर्नेछ ।

४.४.२) उपनियम ४.४.१ बमोजिमको दरखास्तपर्न आएमा नगरपालिकाले तत्सम्बन्ध आवश्यक जाँचबुझ गरी उत्खनन् गर्न सिफारिश सहित नेपाल सरकार, युवा खलकुद तथा संस्कृति मन्त्रालयमा पठाउनु पर्नेछ र नेपाल सरकारबाट स्वीकृति दिने निर्णय भएमा अनुसूची-६ बमोजिमको ढाँचामा स्वीकृति दिनु पर्नेछ ।

## ४.५) प्राचीन मठ मन्दिरको मर्मत तथा जीर्णोद्धार

४.५.१) प्राचीन मठ तथा मन्दिरको मर्मत तथा जीर्णोद्धार गर्दा प्राचीन मठ मन्दिरको मौलिकता, संवेदनशीलता, राष्ट्रिय कला र संस्कृतिको संरषण गरी अनुसन्धानमूलक ढंगबाट मठ तथा मन्दिरको मर्मत तथा जीर्णोद्धार गर्नु गराउनु पर्नेछ ।

४.५.२) आर्थिक प्रशासन सम्बन्धी नियमहरु अनुसार बोलपत्र प्रथाद्धारा प्राचीन मठ मन्दिरको मर्मत तथा जीर्णोद्धारकार्य गर्दा, गराउँदा उपनियम ४.५.१ को मनसाय अनुरुप गर्न नसकिने वा प्राचीन मठ मन्दिर नै नष्ट हुने वा विग्रिने सक्ने सम्भावना देखिएमा त्यस्ता कामहरु प्राचीन मठ मन्दिर सम्बन्धी अनुभव भएका व्यक्ति वा फमृहरु मध्येबाट विभागले दरभाउपत्र वा अमानतबाट गर्न गराउन सक्नेछ ।

४.५.३) उपनियम ४.५.२ बमोजिम मर्मत तथा जीर्णोद्धार कार्य गर्दा गराउँदा नगरपालिकाले दरभाउपत्र वा अमानतबाट गर्न गराउन गोरखापत्रमा सूचना प्रकाशित गरी प्राचीन मठ मन्दिर सम्बन्धी अनुभव भएका व्यक्ति

वा फर्महरुबाट दरखास्त आह्वान गरी प्राप्त हुन आएका दरखास्तवाला व्यक्ति वा फर्मलाई प्रिक्वालिफिकेशन गर्ने काम उपनियम ४.६.१ बमोजिमको मर्मत तथा जीर्णोद्धार प्रक्रिया निर्धारण समितिले गर्नेछ ।

**४.६) मर्मत तथा जीर्णोद्धार प्रक्रिया निर्धारण समिति**

४.६.१) नियम ४.५ बमोजिम प्राचीन मठ मन्दिरको मर्मत तथा जीर्णोद्धार कार्य गर्नका लागि नेपाल सरकारले देहाय बमोजिम मर्मत तथा जीर्णोद्धार प्रक्रिया निर्धारण समिति गठन गर्नेछ ।

४.६.१.१) महानिर्देशक, पुरातत्वअविभाग –संयोजक

४.६.१.२) प्रतिनिधि, अर्किटेक्ट भवन विभाग –सदस्य

४.६.१.३) डिभिजनल इन्जिनियर, पुरातत्व विभाग –सदस्य

४.६.१.४)प्रतिनिधि, महालेखा नियन्त्रक कार्यालय –सदस्य

४.६.१.५) प्रतिनिधि, युवा खेलकुद, तथा संस्कृति मन्त्रालय –सदस्य

४.६.१.६) प्रमुख पुरातात्विक स्थल संरक्षण तथा जीर्णोद्धार शाखा, पुरातत्व विभाग –सदस्य

४.६.२) मर्मत तथा जीर्णोद्धार प्रसक्रया निर्धारण समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले व्यवस्थि तगर्न सक्नेछ ।

**४.७) विशेषज्यालादर तथा मुल्य निधाृरण समिति**

४.७.१) नेपाल सरकारले पदाधिकारीहरु रहेको एक विशेष ज्यालादर तथा मूल्य निर्धारण समिति गठन गर्नेछ ।

४.७.१.१) प्रधान अन्वेषण अधिकारी,पुरातत्व विभाग –अध्यक्ष

४.७.१.२) सिनियर डिभिजनल इन्जिनियर,भवन विभाग –सदस्य

४.७.१.३) प्रतिनिधि,(अधिकृतस्तर) महालेखा –नियन्यत्रकको कार्यालय,काठमाडौं –सदस्य

४.७.१.४) प्रतिनिधि,(अधिकृस्तर)जिल्ला प्रशासन कार्यालय,काठमाडौं –सदस्य

४.७.१.५) सिनियर डिभिजनल इन्जिनियर,पुरातत्व विभाग –सदस्य–सचिव

४.७.२) नियम ४.७.१ बमोजिम गठित समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**४.८) विशेष ज्यालादर तथा मूल्य निर्धारण समितिको काम कर्तव्य र अधिकार**

४.८.१ नेपाल सरकार,भवन विभागले तोकिदिएको मापदण्ड अनुसार गर्नुपर्ने गरी तोकिएका प्राचीन मठ मन्दिर बाहेक अन्य प्राचीन मठ मन्दिरहरुको मर्मत,जीर्णेद्धार तथा पुननिर्माण गर्ने सम्बन्धमा विशेष ज्यालादार तथा मूल्य निर्धारण समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

४.८.१.१) प्राचीन मठ मन्दिरको मर्मत, जीर्णेद्वार तथा पुन निर्माण गराउँदा कामदार तथा कालिगढहरुलाई दिइनेविशेष ज्याला दरको रकम निर्धारण गर्ने ।

४.८.१.२) प्राचीन मठ मन्दिरको मर्मत, जीर्णेद्वार तथा पुन निर्माण गराउँद आवश्यक पर्ने परपम्रागत निर्माण सामग्रीहरुको मूल्य निर्धारण गर्ने ।

४.८.१.३) प्राचीन मठ मन्दिरको मर्मत, जीर्णेद्वार तथा पुननिर्माण गराउँदा लाग्ने कामदार तथा कालिगढहरुको संख्या तोक्ने ।

**४.९) बैठक भत्ता**

यस नियमावली गठित विभिन्न समिति वा उपसमिति वा उपसमितिका सदस्यहरुले त्यस्तो समिति वा उपसमितिको बैठकमा भाग लिए वापत नगरपालिकाले तोकिदिए बमोजिम बमोजिम बैठक भत्ता पाउन सक्नेछत् । तर नगरपालिकाले बैठक भत्ता तोक्नु अधि युवा खेलकुद तथा संस्कृति मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

**४.१०) प्राचीन मठ मन्दिर संरक्षण कोष**

४.१०.१) ऐतिहासि तथा कलात्मक दुष्टिकोणवाट महत्वपूर्ण मानिएका प्राचीन मठ मन्दिरहरुको संरक्षण गर्नको निमित्त एक प्राचीन मठ मन्दिर संरक्षण कोष रहनेछन् ।

४.१०.२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन् :

४.१०.२.१) नेपाल सरकारवाट प्राप्त रकम ।

४.१०.२.२) कुनै व्यक्ति वा संस्था चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम ।

४.१०.२.३) अन्तराष्ट्रिय संघ संस्था, विदेशी सरकार ना व्यक्तिबाट प्राप्त रकम ।

४.१०.२.४) संरक्षित मठ मन्दिर क्षेत्रहरुमा चलचित्रि,टेलिचलचित्र,वृत्तचित्र आदि छायाङ्कन गर्दा लाग्ने शुल्कबाट प्राप्त रकम ।

४.१०.२.५)मठ मन्दिर क्षेत्रमा प्रवेश गर्न लगमइएको प्रवेश शुल्क वा अन्य शुल्कबाट प्राप्त रकम ।

४.१०.२.६) नगरपालिकाबाट प्रकाशित हुने पुस्तक पुस्तिका, पत्रिका तथा पत्रिका तथा पोष्टर अनदिको विक्रीबाट प्राप्त रकम ।

४.१०.३) कोषमा जम्मा हुन आएको रकम इतिहास,कला,वास्तुकला, धार्मिक एवं साँस्कृतिक दृष्टिकोणबाट महत्वपूर्ण मानिएका निजी वा सार्वजनिक मठ मन्दिरहरुको जीर्णोद्वारा तथा संरक्षणको निमित्त खर्च गरिनेछ । तर कुनै खास मठ मन्दिरलाई नै तोकिएर प्राप्त हुन आएको रकम सोही मठ मन्दिरको जीर्णोद्वारा तथा संरक्ष कार्यमा मात्र खर्च गरिनेछ ।

४.१०.४) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखी महालेखा परीक्षकको नगरपालिकाबाट तोकेको लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

**४.११) कोष सञ्चालन समिति**

४.११.१ नियम ४.१० को उपनियम ४.१०.३ को प्रयोजनको लागि कोषको सञ्चालन गर्न देहाय बमोजिमको एक सञ्चालक समिति रहनेछः–

४.११.१.१) सचिव, संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय – अध्यक्ष

४.११.१.२) महानिर्देशक, विभाग – सदस्य

४.११.१.३) प्रतिनिधि,अर्थ मन्त्रालय – सदस्य

४.११.१.४) प्रतिनिधि,संस्कृति र सम्बन्धी केन्दीय शिक्षण विभाग, त्रिभुवन विश्वविद्यालय – सदस्य

४.११.१.५) प्राचीन मठ मन्दिर संरक्षण सम्बन्धी कार्यमा संलग्न गैरसरकारी संस्थाहरु मध्येबाट नेपाल सरकारले मनोनीत गरेकोएक जाने व्यक्ति –सदस्य

४.११.२) उपनियम ४.११.१.५ बमोजिम मनोनीत व्यक्तिको पदावधि एक वर्षको हुनेछ । पुन : अर्को एक अवधिको लागि निजको मनोनयन हुन सक्नेछ ।

४.११.३) कोषकौरकम कोषकोसञ्चाक समितिले तोकेको कुनैवाणिज्य बैंकमा खाता खोली जम्मा गरिनेछ । त्यस्तो खातामो सञ्चालन विभागको महानिर्देशक र सञ्चालक समितिलेतोकेविभागको अधिकृत कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ।

४.११.४) कोष सञ्चालक समितिको सचिवको काम गर्न विभागले कुनै अधिकृत कर्मचारीलाईतोक्न सक्नेछ ।

**४.१२) संरक्षित मठ मन्दिर श्रेत्रभित्त चलचित्र छायाङ्कन सम्बन्धी व्यवस्था**

४.१२.१) संरक्षित मठ मन्दिर क्षेत्रहरुभित्र चलचित्र,टेलिचलचित्र,वृत्तचित्र आदिको छायाङ्कन गर्न चाहने स्वदेशी वा विदेशी व्यक्तिले नगरपालिकाको पूर्वस्वीकृति लिनुपर्नेछ ।



CamScanner

४.१२.२) उपनियम ४.१२.२ बमोजिम नगरपालिकाको स्वीकृति लिनु पर्दा अनुसुची–७ मा तोकिए बमोजिमको दस्तुर सहित विभाग समक्ष निवेदन दिनुपर्नेछ ।

४.१२.३) उपनियम ४.१२.२ बमोजिम विभाग समक्ष निवेदन दिंदा छायाङ्कन गर्ने चलचित्र, टेलिचलचित्र, वृत्तचित्र आदिकोकथा वा स्क्रिप्टको प्रतिलिपि समेत पेश गर्नुपर्नेछ ।

४.१२.४) छायाङ्कन गर्ने लागि उपयोग गरिने संरक्षित मठ मन्दिर क्षेत्र निजी स्वामित्वमा रहेकोभए त्यस्ता मठ मन्दिर क्षेत्रको सञ्चालकको समेत अनुमति लिनुपर्नेछ ।

४.१२.५) यस नियममा अन्यत्र जुनसुकैकुरा लेखिएकोभए तापनि नेपाल सरकारको कार्यक्रम तथा नीति अनुसारको कार्यमा सघाउ पुर्‍याउन वा मुनाफा रहित उद्देश्यले सार्वजनिक कल्याणकारी संस्थाको लागि छायाङ्कन गर्दा नेपाल सरकारले अनुसुची–७ मा तोकिए बमोजिम दस्तुर मिन्हा गर्न सक्नेछ ।

**४.१३) चलचित्र सेन्सर गर्दा प्रतिनिधि आमन्त्रण गर्नु पर्ने**

प्रचलित कानुन बमोजिम चलचित्र, टेलिचलचित्र, वृत्तचित्र आदिको सेन्सर गर्दा संरक्षित प्राचीन मठ मन्दिर क्षेत्रमा छायाङ्कन गरिएको चलचित्र, टेलिचलचित्र, वृत्तचित्र आदि भए नगरपालिकाका अधिकृत प्रतिनिधिलाई समेत आमन्त्रण गर्नु पर्नेछ र स्वीकृति विपरीतका दृष्यहरु छायाङ्कन गरिएको देखिएमा त्यास्ता दृष्यहरु हटाउन सकिनेछ ।



CamScanner

**अनुसुची –१**
**(उपनियम ४.१.१ सँग सम्बन्धित )**
**निवेदनपत्र**

श्री पुरातत्व विभाग,

............................

..........अञ्चल ...........जिल्लास्थित .....................

ठाउँमा रहेको .....................संरक्षित मठ मन्दिर क्षेत्रभित्र मैले/हामीले देहायको अवधि भित्र देहायको काम गर्न लागेकोले लागि त्यस विभागको स्वीकृति पाउन यो निवेदन पेश गरेकोछु/ छौं लेखिए बाहेक अन्य काम कुरा गरेमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला ।

संरक्षित मठ मन्दिर क्षेत्रभित्र गर्न लागेको कामको विवरण र सो कामको लाग्ने

अवधि........................................................................................

निवेंदक –

नाम,थर –

दस्तखत –

मिति–

पुरा ठेगाना–

ठेगाना–

**अनुसुची –२**
**(उपनियम ४.१.२ सँग सम्बन्धित)**

नेपाल सरकार
युवा,खेलकुद तथा संस्कृति मन्त्रालय
परातत्व विभाग

मिति:–

[.सं.

विषय:–**स्वीकृति ।**

श्री.......................................
.............................................
..............................................।

महाशय,

तपाईले..........................अञ्चल..................................जिल्ला..................

(ठाउँ) को..............................प्राचीन मठ मन्दिर रहेको क्षेत्रभित्र तपसीलमा लेखिएको काम गर्न स्वीकृतिको लागि यस विभागले निवेदन दिनुभएकोमा देहायका शर्तहरु पालना गर्ने गरी तपसीलका काम गर्न दिने भनी मिति .....................मा निर्णय भएकोले यो स्वीकृति दिइएको छ । तत्सम्बधी ऐन नियम र उल्लेखित शर्तहरुको पूर्ण पालन गरी उल्लेखित अवधि भित्र काम पूरा गर्नुहोला,अन्यथा कानून बमोजिम हुनेव्यहोरा समेत अवगत गराइन्छ ।

तपसील

शर्तहरु र कामको अवधि

...............................................

पुरातत्व अधिकृत

**अनुसुची–३**
**(उपनियम ४.३.१ सँग सम्बन्धित)**
**पुरातात्विक वस्तुको विवरण फाराम–१**

अञ्चल :
जिल्ला :

| त्र.सं | पुरातात्विक वूस्तुको | | | | पुरातात्विक वस्तुरहेको | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | निर्माण भएकोपदार्थ | प्राचीनता (सम्भावित काल) | नाप ( लम्बाइ,चौडाइ,मोटाई आदि) | ग्रामिण क्षेत्र/ नगर क्षेत्र | वडा | गाँउ | टोल | स्थानको विवरण | |
| | | | | | | | | | | |

............................

स्थानीय हाकिम

मितिः............................

## अनुसुची–४
**(उपनियम ४.३.२ सँग सम्बन्धित)**
**पुरातात्विक वस्तुको विवरण फाराम–२**

अञ्चल :
जिल्ला :

| क्र.सं | पुरातात्विक वूस्तुको | | | | पुरातात्विक वस्तुरहेको | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नाम | निर्माण भएकोपदार्थ | प्राचीनता सम्भावित काल | नाम लम्बाइ,चौडाइ,मोटाई आदि | वडा/न.पा | वडा नं. | गाँउ | टोल | स्थानको विवरण | |
| | | | | | | | | | | |

............................
प्रमुख जिल्ला अधिकारी
मितिः...............................

**अनुसुची–५**

**(उपनियम ४.४.१ सँग सम्बन्धित)**

**निवेदनपत्र**

श्री पुरातत्व विभाग,

.........................

मैले/हामीले यस संस्थाले.......................अञ्चल.....................जिल्ला स्थित..........................ठाउँ को .....................प्राचीन मठ मन्दिर रहेको ठाउँ तपसीलको चार किल्ला भित्रको क्षेत्रमा मिति........................देखि ...............सम्म पुरातात्विक उत्खनन् गर्न चाहेकोले सोको पूर्वस्वीकृतिको लागि उक्त स्थानको फोटो , नक्सा र तत्सम्बधी अन्य विवरण समेत यसैसाथ संलग्न राखी यो निवेदन गरेको छु/छौं।

तपसिल

निवेदक

पूर्व– व्यक्ति वा संस्थाको नाम–

पश्चिम– दस्तखत–

उत्तर– मिति–

दक्षिण– अस्थायी ठेगाना–

**अनुसुची–६**

(उपनियम ४.४.२ सँग सम्बन्धित)

नेपाल सरकार
युवा, खेलकुद तथा संस्कृति मन्त्रालय
पुरातत्व विभाग

प.सं. मिति :–

**विषयः– पुरातात्विक उत्खनन् गर्ने स्वीकृति ।**

श्री..................................

........................................

तपाईले......................अञ्चल........................जिल्ला....................(ठाउँको नाम....................प्राचीन मठ मन्दिर रहेको ठाउँमा तपसीको चार किल्ला भित्रको क्षेत्रमा पुरातात्विक उत्खनन् गर्ने पूर्व स्वीकृतिको लागि यस विभागमा निवेदन दिनु भएको मा आवश्यक जाँचबुझ गर्दा उक्त ठाउँमा देहायका शर्तहरु पालन गर्ने गरी पुरातात्विक उत्खनन् गर्न स्वीकृति दिने भनी मिति.......................... मा नेपाल सरकारको निर्णय भएकोले उत्खनन् गर्ने स्वीकृति प्रदान गरिएको छ । तत्सम्बधमा ऐन नियम र उल्लिपखत शर्तहरुको पूर्णपालन गरी काम गर्नुहोला, अन्यथा कानून बमोजिम हुनेव्यहोरा समेत अवगत गराइन्छ ।

.......................................

पुरातत्व अधिकृत

तपसिल

पूर्वः–

पश्चिमः–

उत्तर :–

दक्षिणः–

शर्तहरु :–

## अनुसूचि–७

(उपनियम४.१२.२ सँग सम्बन्धित)

### चलचित्र छायाङ्कन गर्दा लाग्ने दस्तुर

१. नेपाल नागरिक वा अन्य कुनै संस्थाबाट निर्माण गरिने प्रत्येक कथानक चलचित्रका लागि दुईहजार रुपैयाँ।

२. नेपाली नागरिक वा अन्य कुनै संस्थाबाट निर्माण गरिने प्रत्येक टेलिचलचित्र,वृत्तचित्र वा विज्ञापनका लागि प्रयोग हुन चलचित्रका लागि पँचसय रुपैयाँ ।

३. विदेशी नागरिक वा संस्थाबाट निर्माण गरिनेप्रत्येक कथानक चलचित्रका लागि अमेरिकी डलर तीन सय वासोबराबको नेपाली रुपैयाँ ।

४ विदेशी नागरिक वा संस्थाबाट निर्माण गरिने प्रत्येक टेलिचचित्र, वृत्तचित्र वा विज्ञापनकोलागि प्रयोग हुनेचलचित्रका लागि अमेरिकी डलर एकसय वा सोबराबको नेपाली रुपैयाँ ।

आज्ञाले,

मोहन खड्का

प्रमुख प्रशासकीय अधिकृत